नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/१२/१० मा दर्ता भएको प्रा.लि.नं. ३८७९९२ को अमेरिकन चाइनिज नेपाल फुड्स रेष्टुरेण्ट प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

लक्ष्मण कटवालको नाति, हित मान कटवालको छोरा, ओखलढुङ्गा जिल्ला, सुनकोशी गा.पा. वडा नं. ७ बस्ने नर बहादुर कटवाल (ना.प्र.नं. ४७५३९/३४३, जि.प्र.का. ओखलढुङ्गा, जारी मिति २०५९/०२/०३) ले यस बैंकको सुनकोशी शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला नर बहादुर कटवालको मिति २०८२/१०/१६ मा निधन भएकोले यस बैंकमा रहेको खातावा रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती साबित्रा कटवालले मिति २०८३/०४/२९ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनु होला । अन्यथा निवेदकको माग दावी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, सुनकोशी

गोलिया काठ लिलाम बिक्रीको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३।५।१०)

यस समूहको स्वीकृत दिगो वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. ०८२/८३ मा उत्पादन भइ सामुदायिक वनको घाटगढीमा विभिन्न लट कायम गरि राखिएको **साल गोलिया थान २१५ को २२१७.०४ क्यू.फिट काठ** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत भइ अद्यावधिक भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

जनजागरण सामुदायिक वन उपभोक्ता समूह
मध्यविन्दु न.पा. ११, अरुणखोला नवलपरासी (ब.सु.पू.)
सम्पर्क नं. ९८४७३५५१९४

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

जंगे धरालाको नाति, सुरे धरालाको छोरा, डोल्पा जिल्ला, सुँ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल त्रिपुरासुन्दरी न.पा. वडा नं. ४ बस्ने जसलाल धराला (ना.प्र.नं. ५७३००४/१२४, जारी मिति २०६३/१२/२३, जि.प्र.का. डोल्पा) ले यस बैंकको डोल्पा शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला जसलाल धरालाको मिति २०८२/१०/०५ मा निधन भएकोले यस बैंकमा रहेको खातावा रकम भुक्तानी पाउँ भनी निज मृतकको पत्नी श्रीमती जसमती धरालाले मिति २०८३/०१/२१ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदावी गर्न आउनु होला । अन्यथा निवेदकको माग दावी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, डोल्पा

UAE मा रोजगारको अवसर Black Tulip Flowers L.L.C

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/११/१५ चलानी नं.: ६०३३३६७३ LT No.: 319311

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Achieve Clerk	2	0	कामका दक्ष	1500	६२,२४५।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ		२ वर्ष
२.	Sales Executives	10	1		1500	६२,२४५।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा जीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैंले	रु. १,५००।- कामदार आफैंले	रु. ७,००।- कामदार आफैंले	निःशुल्क

अन्तरवार्ता २०८३ भाद्र १७ गते (2 Sept., 2026) यस प्रा. लि. को कार्यलय कलंकी काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट मरुरुसको जाम्बारी १) आफ्नो नामम भिसा प्राप भई जाने निश्चित भएपछि मात्र कम्पनीमि गई रकम बुझाउनु होला । बुझाएको रकममो भरपाई अनिवार्यपनमा लिनुहोला । २) आफ्ु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कहीँलुई नदिनु होला । ४) विदेश जानुअघि अनिवार्यकिरुपा छ्राइसन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तहरु राम्रो पढेर मात्र हस्ताक्षर हस्तान्तर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नुसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट क्षेत्रमा राख्नुहोला अन्यथा हुलिले हेप्नाला हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग सहयान कार्यालयमा सम्पर्क राख्नुहोला ।

Worldnet Human Resouces Manpower (P.) Ltd. Govt. Lic. No.: 739/064/065
Lampati -14 , Kalanki, Kathmandu, Tel: 01-5921565, 9841475361 (Hema Shahi)

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, गोंगवु शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०५/१० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल मंसिर महिना ०८ गतेको आर्थिक राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.सं.	ऋणीको नाम र ठेगाना :
१.	**ऋणी** नेपाल सरकार उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा कार्यालयमा प्रा.फ.र.नं. १४७७७९/०७५/७६, समुन्द्रपार आयात निर्यात कायम भई मिति २०७६/०२/०६ मा दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं. १४ स्थित **मर्लिन कलेक्सन** ।
२.	जगत राज गिरीको छोरी, नारायण प्रसाद पाण्डेको श्रीमती धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **ठाकुर माया पाण्डे-१** तथा अनिरूप पाण्डेको नाति, नारायण प्रसाद पाण्डेको छोरा, धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **सुरेन्द्र पाण्डे-१ समेत जना २** ।
ऋणी १ व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	हरि बहादुर विष्टको छोरी, सुरेन्द्र पाण्डेको श्रीमती, मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **पारू विष्ट** ।
२.	अनिरूप पाण्डेको नाति, नारायण प्रसाद पाण्डेको छोरा, धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **सुरेन्द्र पाण्डे** ।
३.	जगत राज गिरीको छोरी, नारायण प्रसाद पाण्डेको श्रीमती धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **ठाकुर माया पाण्डे** ।
२.	**ऋणी २ व्यक्तिगत/संस्थागत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**
१.	हरि बहादुर विष्टको छोरी, सुरेन्द्र पाण्डेको श्रीमती, मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने **पारू विष्ट** ।
२.	नेपाल सरकार उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा कार्यालयमा प्रा.फ.र.नं. १४७७७९/०७५/७६, समुन्द्रपार आयात निर्यात कायम भई मिति २०७६/०२/०६ मा दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४, स्थित **मर्लिन कलेक्सन** ।
ऋणी १ र २ को लागि धितो सुरक्षणको विवरण :	
१.	**ठाकुर माया पाण्डे**को नाममा मालपोत कार्यालय धादिङ्गमा दर्ता श्रेस्ता कायम रहेको धादिङ्ग जिल्ला, गजुरी गा.वि.स./न.पा. वडा नं. २ (नक्सा सिट नं. २ छ) को कित्ता नं. २६, २४, ४६, ४८ र ३० को क्रमशः ०-२-२-३, ०-२-२-३, ०-१०-०-०, १-०-१-१ र २-१०-१-१ (रो-आ-पै-दा) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालय गोंगवुबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५११५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय गोंगवुमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल भाद्र महिना ३० गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल आश्विन महिना ०१ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

नामथर फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०८३।०५।०८, प.सं. २०८३।८४, च.नं. ८२० को **प्रमाणित सम्बन्धमा** शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. ५७४४२१७ एल नायक टि.एस. **टेक बहादुर थापा** (नागरिकतामा **टेक बहादुर पल्ली मगर**) ले मेरो श्रीमतीको नागरिकता प्रमाणपत्र नं. ८७७ मा नामथर **दाल कुमारी थापा (DAL KUMARI THAPA)** उल्लेख भई फरक परे तापनि फरक नामथर भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५०० मिति २०८३/०५/०५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।

नामथर फरक परेको व्यक्ति

नामथर र जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०८३।०५।०८, प.सं. २०८३।८४, च.नं. ८२१ को **प्रमाणित सम्बन्धमा** शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. ५७४४२१७एल नायक टि.एस. **टेक बहादुर थापाले** मेरो नागरिकता प्रमाणपत्र नं. २०१९९ मा नामथर **टेक बहादुर पल्ली मगर**, **जन्ममिति २००३/१०/२७** भएको र पेन्सन अभिलेखमा नामथर **टेक बहादुर थापा**, **जन्ममिति सन् १५-१२-१९५१** उल्लेख भई फरक परे तापनि फरक नामथर र जन्ममिति भएको म एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५०१ मिति २०८३/०५/०५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।

नामथर र जन्ममिति फरक परेको व्यक्ति

महाविर एग्रो प्रोडक्ट प्रा.लि. को सञ्चालकसमितिको बैठक बस्ने बारे अत्यन्तै जरुरी सूचना

(प्रकाशित मितिः २०८३।०५।१०)

यस महाविर एग्रो प्रोडक्ट प्रा.लि.को संचालक समितिको वैठक निम्न समय, मिति, स्थानमा निम्न उल्लेखित विषयमा छलफल र निर्णय गर्नका निमित्त हुन गइरहेको हुँदा निम्न उल्लेखित संचालकज्युहरुलाई कम्पनीको संचालक समितिको बैठकमा उपस्थित भइदिनुहुन कम्पनी नियमावलीको नियम ३७ र नियम ३८(२) बमोजिम यो सुचना प्रेषित गरिएको छ । साथै संचालक समिति वैठक आह्वान सम्बन्धी यो सुचना कम्पनीको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।

संचालकहरुः
श्री मुक्ति कुमार अग्रवाल, ठेगानाः पर्सा जिल्ला, विरगंज म.न.पा., वडा नं. ७
श्री दिपती अग्रवाल, ठेगानाः मोरंग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ९
श्री संजय कुमार अग्रवाल, ठेगानाः मोरंग जिल्ला, रंगेली न.पा. वडा नं. १

वैठकको विवरण
मिति : २०८३।०५।१४, आइतबार
समय : दिउँसो २:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
प्रस्ताव : सञ्चालकहरुको आचार तथा कम्पनी प्रतिको विश्वास र दायित्व (Fiduciary duty) अपहेलना सम्बन्धी स्पष्टिकरण आवश्यक भएकोमा स्पष्टिकरण माग गरी निर्णय गर्नु पर्ने भएकाले विशेष साधारण सभा बोलाउने बारे ।

रतन लाल केडिया
अध्यक्ष

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
कर्पोरेट कार्यालय : तिनकुने, काठमाण्डौं
फोन : ०१-५१९९६६४, ५१९९६६५

निक्षेप रकममा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : ३०८३/०५/१० गतेको सौर्य राष्ट्रिय दैनिक

यस प्रोग्रेशिभ फाइनान्स लिमिटेडको जलेश्वर शाखा कार्यालय, जलेश्वर महोत्तरी (यसपछि फाइनान्स भनिएको) मा मधेश प्रदेश, महोत्तरी जिल्ला, रामगोपालपुर नगरपालिका वडा नं. ०८ बस्ने सुनिल लाल बैठाको नाति जय नारायण बैठाको छोरो, प्रियंका कुमारी रजकको पति भविक्षण बैठा (ना.प्र.प.नं. १८३०३६/११२०, जारी मिति २०६३/११/१९),जारी गर्ने कार्यालय, जि.प्र.का..महोत्तरी ले यस फाइनान्समा वचत खाता नं १०११२१००००१४१९ खोली निक्षेप कारोबार गर्दै आउनु भएकोमा खातावाला भविक्षण बैठाको मिति २०८३/०४/०१ मा मृत्यु भएको भनि सो बचत खातामा रहेको सम्पूर्ण रकम उपर हकदावी गरी मृतकको हकवाला पत्नी प्रियंका कुमारी रजकले मृत्यु दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक समर्थित कागजातहरु सहित मिति २०८३/०५/०१ मा यस फाइनान्समा सम्पूर्ण रकम पाउँ भनि हकदावीको निवेदन पेश गर्नु भएको ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदै निज खातावालाको खातामा रहेको रकममा अन्य कसैको हकदाबी लाग्ने भए वा दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा निज दावीकर्ता बाहेक अन्य कसैको हकदावी लाग्ने भएमा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११(२) बमोजिम अग्राधिकारवाला हकवालाहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने ब्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागज सहित यस फाइनान्सको जलेश्वर शाखा कार्यालय, जलेश्वर महोत्तरीमा हकदावी गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सूचनाको समयावधि भित्र कोही कसैको हकदावी पेश नभएमा वा कानून बमोजिम रित नपुऱ्याई पेश भएको निवेदन उपर कुनै कारवाही नहुने र फाइनान्सको नीति, निर्णय तथा उल्लेखित ऐन बमोजिम वचत खाताको सम्पूर्ण निक्षेप रकम सम्बन्धित दावीकर्ता प्रियंका कुमारी रजकलाई म्याद व्यथित भएपछि निवेदन माग बमोजिम आवश्यक प्रकृया गरि भुक्तानी गरिने र सो उपर अन्य कोही कसैको हकदावी एवं उजुरी समेत नलाग्ने साथै यस बिषयमा फाइनान्स जिम्मेवार नहुने ब्यहोरा समेत जानकारी गराउँदछौं ।

आमाको काखदेखि...

सामाजिक दबाब, डर, धम्की, आर्थिक निर्भरता र पारिवारिक प्रतिष्ठाका कारण कतिपय घटना प्रहरीसम्म पुग्नै पाउँदैनन् । इन्सेक मधेस प्रदेशको रिपोर्टअनुसार सन् २०२५ मा प्रदेशका ८ जिल्लामा १३९ बालिका यौन हिंसाबाट पीडित भएका छन् । सप्तरीमा १३, सिरहामा २३, धनुषामा ३१, महोत्तरीमा १८, सर्लाहीमा २९, रौतहटमा ७, बारामा १० र पर्सामा १९ बालिका यौन हिंसाबाट पीडित भएको तथ्यांक छ । इन्सेकको सोही प्रतिवेदनअनुसार सन् २०२५ मा मधेसमा महिलामाथि दाइजोसम्बन्धी हिंसाका १९१, घरेलु हिंसाका १ हजार ५४७, बहुविवाहका ६०, बोक्सी आरोपका १९ र साइबर अपराधका ६ घटना अभिलेख भएका छन् । बलात्कारका ९८ र बलात्कार प्रयासका ६५ घटनासमेत अभिलेखमा छन् ।

राष्ट्रिय मानवअधिकार आयोग, मधेस प्रदेश कार्यालय जनकपुरधामका अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा बालबालिकासँग सम्बन्धित ३ हजार ३२० घटना अभिलेख भएका थिए । त्यसमध्ये जबरजस्ती करणीका १४९, जबरजस्ती करणी उद्योगका १९, बाल यौन दुरुपयोगका ३२, अप्राकृतिक मैथुनका २ तथा अपहरणसहित जबरजस्ती करणीका १९ घटना थिए । बालविवाहका १७ घटना पनि अभिलेख भएका छन् । त्यस अवधिमा १ हजार १६९ बालिका हराएका थिए । तीमध्ये ६१२ जना फेला परे पनि ५५७ जना अझै फेला पर्न बाँकी रहेको आयोगले जनाएको छ ।

निरन्तरको अपराध शृंखला

मधेसमा बालिकामाथि हुने जघन्य अपराधको शृंखला लामो छ । २०७७ मंसिरमा महोत्तरीको बर्दिवासमा ७ वर्षीया गुलावसा खातुनको बलात्कारपछि हत्याको घटनाले देशलाई स्तब्ध बनाएको थियो । घटनाका आरोपी पक्राउ परेपछि चर्किएको आन्दोलनका क्रममा प्रहरीको गोली लागेर स्थानीय युवा सञ्जय न्यौपानेको मृत्यु भएको थियो । उक्त घटनाले बालिका सुरक्षा, अनुसन्धान र दोषीमाथिको कारबाहीबारे राज्य संयन्त्रमाथि गम्भीर प्रश्न उठाएको थियो । यस्तै, २०७७ जेठमा आफ्नै घरअगाडि खेलिरहेकी ६ वर्षीया बालिकामाथि दाजु नाता पर्ने २ बालकले बलात्कार गरेको घटना सार्वजनिक भयो । २०८० सालमा बर्दिवास-११ मा आफ्नै बुबाले १३ वर्षीया छोरीमाथि पटक-पटक बलात्कार गरी गर्भवती बनाएको घटना पनि सार्वजनिक भयो ।

यी घटना त केही प्रतिनिधि उदाहरणमात्रै हुन् । बालबालिकामाथिको यौन हिंसासँगै मधेसमा दाइजो र घरेलु हिंसाका घटनाले पनि महिलाको सुरक्षामाथि प्रश्न उठाइरहेका छन् । महोत्तरीमा नवविवाहित शिवानी राउतको शंकास्पद मृत्यु, चाँदनीकुमारी सिंहको मृत्यु तथा अन्य दाइजोसम्बन्धी घटनाले महिला हिंसाको अर्को भयावह पाटो उजागर गरेको छ । एकातिर विवाहपछि दाइजोका नाममा महिलामाथि यातना र शंकास्पद मृत्युका घटना दोहोरिइरहेका छन् भने आमाको काख नछुट्दैका बालिका यौन हिंसाको सिकार बनिरहेका छन् । यसले मधेसमा महिला तथा बालिकाको सुरक्षा केवल कानुनी सुरक्षाको मात्रै विषय नभई विकराल सामाजिक समस्याका रूपमा देखिएको छ ।

अपराध बढाउँदै मोबाइल र सामाजिक सञ्जाल

नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष अनिल मिश्र बालबालिकाको हातमा सानै उमेरमा स्मार्टफोन पुग्नु र सामाजिक सञ्जालको अनियन्त्रित प्रयोगले जोखिम थपेको बताउँछन् । 'उनीहरूले के हेरिरहेका छन्, कोसँग कुराकानी गरिरहेका छन् र कस्ता सामग्रीको पहुँचमा छन् भन्ने विषयमा अभिभावकको पर्याप्त निगरानी देखिँदैन,' मिश्र भन्छन्, 'सामाजिक सञ्जाल र इन्टरनेटमार्फत गलत व्यक्तिको सम्पर्कमा पुग्ने, अश्लील सामग्रीको पहुँचमा आउने तथा विभिन्न किसिमले प्रलोभनमा पारिने जोखिम बढेको छ ।' यसो भन्दैमा मोबाइल खोस्नु समस्या समाधान नहुने उनको भनाइ छ । बालबालिकालाई सुरक्षित इन्टरनेट प्रयोग, अपरिचित व्यक्तिसँगको व्यवहार तथा अनलाइनमा प्रलोभन वा धम्की आए के गर्ने भन्नेबारे विद्यालय तहदेखि नै शिक्षा दिनुपर्ने उनी बताउँछन् । 'घटना भएपछि मात्रै दोषी खोज्ने होइन, सम्भावित जोखिम पहिचान गरेर सुरुदेखि नै रोकथाम गर्नुपर्छ,' मिश्र भन्छन् ।

'केही दिनको आक्रोश होइन, दीर्घकालीन समाधान खोजौं'

साहित्यकार तथा समाज नित्यानन्द मण्डल बालबालिकामाथि हुने हिंसालाई केवल कानुन